# माछापुच्छ्रे गाउँपालिका
**Machhapuchchhre Rural Municipality**
## गाउँ कार्यपालिकाको कार्यालय
**Office of Rural Municipal Executive**

लाहाचोक, कास्की
Lahachowk, Kaski
गण्डकी प्रदेश, नेपाल
Gandaki Province Nepal


पत्र संख्या/Letter No.
चलानी नं./Issue No.

मिति : २०८१।११।०२

## न्यूनतम रोजगारीमा संलग्न हुनका लागी निवेदन दिने बारेमा जरुरी सूचना ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली,२०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०८०/८१ मा यस माछापुच्छ्रे गाउँपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक बिकास निर्माणका काममा योगदान गर्न ईच्छुक १८ - ५९ बर्षका बेरोजगार व्यक्तिहरुले २०७९ फाल्गुण मसान्त भित्र आफुले स्थायी बसोबास गरेको वडा कार्यलयमा बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन बेरोजगार फारममा विवरण प्रविष्ट गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। निबेदन फारम सम्बन्धित वडा कार्यलय, रोजगार सेवा केन्द्र, प्रधानमन्त्री रोजगार कार्यक्रमको वेव साईट **https://pmep.gov.np/publication/others** वा गाउँ **www. machhapuchhremun.gov.np** बाट प्राप्त गर्न सकिने छ।

यस कार्यक्रम मार्फत वार्षिक १०० दिनको न्यूनतम रोजगारी प्रदान गरी विपन्न तथा जिबनयापन जोखिममा परेका बर्गलाई सामाजिक सुरक्षाको दायरा भित्र ल्याउन सहयोग पुर्याउने लक्ष्यलाई विवादरहित, निष्पक्ष र सफल पार्न बेरिजगार व्यक्तिको पारिवारले दिने निवेदनमा निवेदक र निजको परिवारको तपसिलका सम्पुर्ण विवरण पुर्ण, यथार्थ, स्पष्ट र वडा कार्यालयबाट प्रमाणित भई आएको हुनु पर्नेछ। अन्यथा अपुर्ण र झुट्टा निवेदव रद्द गरिनेछ । निवेदन दिनका लागी न्यूनतम योग्यता र आवश्यक कागजातको तपशिल बमोजिम रहेका छन् । थप जानकारीका लागी रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न अनुरोध छ।

तपशिल

- एक आर्थिक वर्षमा न्यूनतम १०० दिन बराबरको रोजगारीमा संलग्न नभएका व्यक्तिहरू।
- सम्बन्धित व्यक्तिको नागरिकताको फोटोकपी १ प्रति ( नागरिकतामा भएका सम्पुर्ण विवरण प्रष्ट आएको फोटोकपी हुनुपर्ने)
- सम्बन्धित व्यक्तिको हालसालै खिचिएको पासपोर्ट साइजको फोटो।
- परिवारका सम्पुर्ण सदस्यको पारिवारिक तथा नागरिकताको विवरण (जन्म मिति, नागरिकता नं, जारी जिल्ला र जारी मिति)
- नागरिकतामा भन्दा फरक ठेगाना भएमा बिबाह दर्ता वा बसाईसराई दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- सम्बन्धित व्यक्ति वा परिवारको सम्पर्क नम्वर (अनिवार्य)।
- बैङ्क खाताको बिवरण (उपलब्ध भए सम्म) र वार्षिक पारिवारिक आम्दानी।

०८१।११।०२

.............................
बेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**वेदहरि अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**